नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रहरी कार्यालय, कास्की

मिति २०८१।०२।०१ गते ।

## विषय : प्रेस विज्ञप्ति

## प्राईम बहुउद्देश्यीय सहकारी संस्था लि. ठगी सम्बन्धी कसूरमा ८ जना पक्राउ

जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ४ गैह्रापाटन स्थित संचालनमा रहेको श्री प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संचालक समितिका पदाधिकारीहरू समेतले निक्षेपकर्ताहरुको बचत रकम फिर्ता नगरेको, सहकारीको रकम हिनामिना, अपचलन एवं ठगी गरेको सम्बन्धमा सहकारी रजिष्ट्रारको कार्यालय पोखराको पत्र जाहेरीको आधारमा कुल बिगो रु.१,५४,१५,०८,१४२.८५ (अक्षरुपी एक अर्व चौवन्न करोड पन्ध्र लाख आठ हजार एक सय बयालिस रूपैयाँ पचासी पैसा) रकम अपचलन तथा हिनामिना गरेको हुँदा सहकारी ऐन, २०७४ बमोजिम अनुसन्धान गरी दिनु हुन भन्ने सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश पोखराको मिति २०८१।०२।०१ गते पत्रबाट अनुरोध भई आएको हुँदा यस जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले मिति २०८१।०२।०१ गते निम्न स्थान बस्ने निम्न व्यक्तिहरुलाई पोखरा म.न.पा.को विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान प्रकृया अगाडी बढाईएको ।

### पक्राउ व्यक्तिहरुको विवरण :-

१) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ४ गैह्लापाटन बस्ने वर्ष ६६ का निदेश प्रसाद कोइराला (नि.वर्तमान अध्यक्ष),

२) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. १४ चाउथे बस्ने वर्ष ४३ का शंकर कार्की(अध्यक्ष ),

३) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ११ रानीपौवा बस्ने वर्ष ३६ की निरु थापा के.सी. (सहकारी व्यवस्थापक),

४) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. २७ अर्चले बस्ने वर्ष ३७ का सुरेन्द्र मणी पौडेल (कर्मचारी प्रमुख),

५) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. १३ आर्वा स्थायी वतन भई हाल ऐ. वडा नं. १२ ढिकालेथर बस्ने वर्ष ५३ का ईन्द्र प्रसाद बराल (कानुनी सल्लाहाकार),

६) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ३० शिशुवा बस्ने वर्ष ५२ का कुलदिप भट्टराई (पुर्व कोषाध्यक्ष),

७) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ३० शिशुवा बस्ने वर्ष ३० का सुनिल थापा (कर्जा अधिकृत),

८) जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ०८ नयाँबजार बस्ने वर्ष ६९ का मान बहादुर गुरुङ (शेयर सदस्य एबं सल्लाहकार)।

**सूचना अधिकारी**

प्र.ना.उ. बसन्त कुमार शर्मा

जिल्ला प्रहरी कार्यालय,